Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.

मितिः २०८०/०९/२५

# प्रेस विज्ञप्ती

यस लिवर्टी इनर्जी कम्पनी लि. को चौधौं वार्षिक साधारण सभा यहि २०८० पौष २५ गते संचालक अध्यक्ष डा. आत्माराम घिमिरेको सभापतित्वमा सम्पन्न भयो । उक्त साधारण सभाले कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन तथा वित्तिय विवरण पारित गर्ने, अन्य कम्पनीलाई प्राप्ति तथा मर्जरको प्रकृया अघि बढाउन अख्तियारी दिने लगायतका प्रस्तावहरु पारित गरेको छ ।

यस कम्पनीको कुल जारी पूँजी रु.१,५०,००,००,०००/- मध्ये रु.१,१२,५०,००,०००/- बराबरको संस्थापक शेयर र बाँकी रु.३७,५०,००,०००/- बराबरको आयोजना प्रभावित स्थानीय तथा सर्वसाधारण समेतलाई साधारण शेयर जारी भई हाल सम्पूर्ण शेयरहरु लक-इन खुला भएसगैं कारोबार भइरहेको छ । कम्पनीको अघिल्लो साधारण सभाबाट हालको चुक्ता पूँजीको ५०% का दरले हुन आउने रकम रु. ७५,००,००,०००/- बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त हकप्रद शेयर निष्काशनको अन्तिम स्विकृतीको लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दिई प्रकृयामा रहेको छ ।

हाल यस कम्पनीसँग ३ वटा जलविद्युत आयोजनाको स्वामित्व रहेकोमा लमजुङ जिल्ला स्थित २५ मे.वा. क्षमताको माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना निर्माण सम्पन्न भई गत २०७९ मंसिर १७ गतेबाट व्यापारिक उत्पादन भइरहेको साथै कम्पनीको स्वामित्वमा रहेका अन्य आयोजनाहरुमा १.६ मे.वा. क्षमताको लोदो खोला साना जलविद्युत आयोजनाको विद्युत खरीद बिक्री सम्झौता भएको तथा २४.६ मे.वा क्षमताको बडिगाड खोला जलविद्युत आयोजनाको समेत कनेक्सन एग्रिमेन्ट सम्पन्न भई विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरि विद्युत खरीद बिक्री सम्झौता हुने क्रममा रहेको जानकारी अध्यक्ष डा. आत्माराम घिमिरेले साधारण सभामा गराउनुभयो ।

कम्पनीका शेयरधनीहरुको उल्लेख्य उपस्थिति रहेको उक्त साधारण सभा सम्पूर्ण शेयरधनीहरुको जिज्ञासाको जवाफ दिँदै प्रस्तुत प्रस्तावहरु सर्वसम्मतिले पारित गर्दै सौहार्दपूर्ण रुपमा उल्लासपूर्वक सम्पन्न भएको थियो ।